# शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बागमती प्रदेश
## काटाकुटी, दोलखा

**द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०७६/१०/०३ गते

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरूमा जीवन उत्सर्ग गर्दै सहिद, मृतक, वेपत्ता परिवार, घाइते तथा अपाङगता भएका व्यक्ति एवं परिवारहरूलाई स्वास्थ्य सीप विकास तथा क्षमता अभिबृद्धि र रोजगारी लगायतका कार्यक्रममा सहयोग गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश हेटौंडा, मकवानपुरको आर्थिक वर्ष २०७६/०७७ को नीति कार्यक्रम तथा बजेटमा भएको व्यवस्था अनुसार प्रदेश सरकारबाट स्वीकृत **"द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि,२०७६"** अनुसार बागमती प्रदेश भित्रका १३ वटा जिल्लाका द्वन्द्व प्रभावित व्यक्ति र परिवारका सदस्यलाई सहायता गर्ने कार्यक्रम रहेकाले कार्यविधि अनुसार गत वर्ष सहायता रकम नलिएका द्वन्द्व प्रभावित व्यक्ति र परिवारका सदस्यहरूले देहाय बमोजिमको कुनैपनि शीर्षकमा सहायता प्राप्तिका लागि कार्यविधिको दफा ३ को उपदफा (११) बमोजिमका कागजातहरू संलग्न गरि तोकिएको विवरण खुलाई २०७६ फागुन मसान्त भित्र शैलुङ गाउँपालिका भित्र रहेका स्थानीय समितिमा वा आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश हेटौंडा, मकवानपुरको मन्त्रालय समक्ष कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन गर्नुहुन सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सहायता सम्बन्धि व्यवस्था

१) औषधी उपचार

२) सीप विकास

३) स्वरोजगार मूलक व्यवसाय

थप जानकारीको लागि यस गाउँपालिकाको वेवसाइट www.shailungmun.gov.np वा मन्त्रालयको वेवसाइट www.moial.bagmati.gov.np वा फोन नं. ०४९-४३०००१, ०४९-४३०००२, ०४९-४३०००३, ०४९-४३०००४, ९८५११७२४२९, ०५७-५२२८४१ बुझ्न सकिनेछ ।

भरत प्रसाद दुलाल

अध्यक्ष